**छथर गाउँपालिका**

१ नं प्रदेश, तेह्रथुम

# छथर गाउँपालिकाको शिशु पोषण प्रोत्साहन कोष निर्देशिका २०७६

स्विकृत मिति : २०७६/०४/२३

स्थानीय सरकारले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता गर्न एक छुटै कोषको स्थापना गर्न तथा संचालन गर्न सक्ने भएको हुँदा यस छथर गाउँकार्यपालिकाको वैठकले शिशु पोषण प्रोत्साहन कोषको स्थापना गरि संचालनगर्न यो निर्देशिका बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ :-**

(१) यस निर्देशिकाको नाम"शिशु पोषण प्रोत्साहन कोष निर्देशिका २०७६" रहकोछ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागे यस निर्देशिकामा ,

(क) "स्वास्थ्य चौकी"भन्नाले यस छथर गाउँपालिका अर्न्तगत रहेका वर्थिङ्ग सेण्टर समेत लाई सम्झनु पर्दछ ।
(ख) "शिशु"भन्नाले यस छथर गाउँपालिकाको वर्थिङ्ग सेन्टर संचालन भएको स्वास्थ्य चौकीमा जन्मिएको ३५ दिन भित्रमा सम्बन्धित वडामा जन्मदर्ता गराएको बच्चालाई सम्झनु पर्दछ ।
(ग) "कोष"भन्नाले शिशु पोषण प्रोत्साहन कोष सम्झनु पर्दछ ।
(घ) "स्थानीय नागरिक भन्नाले यस छथर गाउँपालिका भित्र कम्तिमा ६ महिना देखी स्थायी रुपमा बसोबास गरेको बासीन्दा सम्झनुपर्दछ ।
(ङ) "सिफारिस समिति"भन्नाले स्थानीय तहमा गठित तपशिल बमोजिमको समितिलाई बुझिनेछः-

(च) गाउँपालिकाको अध्यक्ष - संयोजक

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ज) स्वास्थ्य संयोजक - सदस्य

(ज)"सोधभर्ना रकम"भन्नाले छथर गाउँपालिका भित्रका वर्थिङ सेण्टरमा गाउँपालिकाको स्थायी बसोवास भएको गर्भवती आमा बाट जन्मेको शिशुको सम्बन्धित वडामा ३५ दिन भित्र जन्मदर्ता गरेको अवस्थामा शिशुको पोषण खर्च बापतको रकम सम्झनु पर्दछ ।

**(३) सिफारिस समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः-**

(अ) स्थानीय बर्थिङ सेन्टमा सुत्केरी भई ३५ दिनभित्र वडा कार्यालयमा जन्मदर्ता गरि शिशुको पोषण रकम सोधभर्नाको लागी आवश्यक कागजात सहित दिईएको निवेदन संकलन गर्ने ।

(आ) शिशु पोषण रकम सोधभर्नाको लागी सिफारिस समितिको वैठक वसि निर्णय गर्नुपर्ने ।

**(४) सेवालिने प्रकिया :-**

(क) शिशु पोषण प्रोत्साहन रकम सहुलियत लिनको लागी सम्बन्धित वडा कार्यालयमा निवेदन दिई वडा कार्यालयबाट सिफारिस लिई आउनुपर्ने ।

(ख) वडा कार्यालयबाट शिशु पोषण प्रोत्साहन रकम सोधभर्नाको लागी सिफारिस भएको पत्र, स्थानीय स्वास्थ्य संस्थाबाट जारी भएको बच्चाको वर्थ सर्टिफिकेटको छाँया प्रति, बच्चाको स्थानीय वडा कार्यालयमा जन्मेको ३५ दिन भित्रमा जन्मदर्ता गराएको जन्मदर्ता प्रमाणपत्रको छाँयाप्रति सेवाग्राहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा निजको श्रीमानको छथर गाउँपालिकाको स्थायी वसोवास रहेको अवस्थामा विवाहदर्ताको प्रमाणपत्रको प्रतिलिपी (निवेदक सेवाग्राहीको नातेदार

भएमा निज संगको नाता खुल्ने प्रमाणपत्र)सहित यस छथर गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(घ) दफा ४ उपदफा (ख) वमोजिमको कागजात प्राप्त भए पश्चात यस निर्देशिकामा उल्लेख भए बमोजिम गठित समितिले सो उपर आवश्यकजाँच बुझ गरी निवेदकलाई शिशु पोषण प्रोत्साहन रकम वापतको रकमप्रति सेवाग्राही वढीमा रु.५००।-(अक्षरेपी पाँच सय रुपैया मात्र) उपलब्ध गराउनको लागी सिफारिस गर्नुपर्नेछ ।

(ङ) निवेदकलाई नगदै भुक्तानी दिन कुनै वाधा पर्ने छैन ।

## ५. स्वास्थ्यशाखाको काम, कर्तब्य र अधिकारः-

यस निर्देशिकामा न्यत्र उल्लेखित काम, कर्तब्य र अधिकारका अतिरिक्त काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शिशु पोषण प्रोत्साहन कोषको लागी आवश्यक वार्षिक वजेट तथा योजना तयार गरी गाउँकार्यपालिका पेश गर्नु पर्नेछ ।

(ख) आवश्यकता अनुसार/मासिक रुपमा सिफारिस समितिको वैठकको आयोजना गरी आवश्यक सिफारिसको निर्णय गर्ने तथा मासिक रुपमा कार्यक्रमको मासिक प्रतिवेदन पेश गर्ने ।

(ग) वर्थिङ्ग सेण्टर/स्वास्थ्य संस्थाहरुको उपचार सेवालाई गुणस्तरीय वनाउन नियमित अनुगमन गर्ने साथै स्वास्थ्य संस्थाहरुमा संचालित अन्य निःशुल्क स्वास्थ्य कार्यक्रमहरुको समेत एकिकृत अनुगमन गर्ने ।

(घ) शोधभर्ना रकम भुक्तानीको लागी आवश्यक पर्ने कागजातहरु केहि अस्पष्ट भएमा सम्बन्धित कार्यालय/निकाय संग सोधपूछ गर्ने र प्रतिवेदनलाई स्पष्ट गर्न लगाउने ।

(ङ) यस निर्देशिका बमोजिमको कुनै पनि विषयमा निर्णय गर्न कठिनाई भएका सम्बन्धित कार्यालय/निकायलाई समस्या सहजिकरण/ब्यबस्थापनको लागी लेखि पठाउने ।

(च) शिशु पोषण प्रोत्साहन कोष सम्बन्धि आवश्यक अन्य कार्य गर्ने ।

**६.अभिलेख तथा प्रतिवेदन :-**

शिशु पोषण प्रोत्साहन कोष अर्न्तगत सिफारिस तथा निर्णय भई सहायता पाउने सेवा ग्राहीहरुको विवरण लगायत अन्य आवश्यक कागजातहरु स्वास्थ्य शाखामा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेछ ।

**७. लेखा परिक्षण गराउनु पर्ने :-**

यस कोष अर्न्तगत भएको खर्चलाई कानून बमोजिम लेखा परिक्षण गराउनु पर्ने कर्तब्य छथर गाउँकार्यपालिकाको कार्यालयको हुनेछ ।

**८. कारवाही हुने :-**

यस निर्देशिका विपरित कार्य गर्ने पदाधिकारी, स्वास्थ्य संस्था, कर्मचारी तथा सेवाग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही चलाउन सक्नेछ ।

**९. खारेजी र बचाउ :-**

माथि उल्लेखित भए बमोजिम गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ । यस निर्देशिकामा उल्लेख भएका बुँदाहरु प्रचलित कानून संग बाँझिएको अवस्थामा यस निर्देशिकामा भएको बुँदा स्वत खारेज हुनेछ ।